# दंगीशरण गाउँपालिकाको विनियोजन ऐन, २०७७

दंगीशरण गाउँपालिकाको आर्थिक बर्ष २०७७\०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चिनत कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः दंगीशरण गाउँपालिकाको आर्थिक बर्ष २०७ ७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चिनत कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले , नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम दंगीशरण गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "दंगीशरण गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक बर्ष** २०७७।०७८ **को निमित्त सञ्चिकत कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७७।०७८ को निमित्त गाउँ कार्यपालिका , वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च , पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु **३९,९०,१४,४००**।- (अक्षरुपी उनन्चालिस करोड नब्बे लाख चौध हजार चार सय रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चिित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७ ७।०७८ को निमित्त दंगीशरण गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका , वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची–१
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क.स. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | सशर्त अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका वडा कार्यालय र विषयगत शाखा | ७,९०,१५,२२०।- | १६,२६,९९,१८०।- | १५,७३,००,०००।- | ३९,९०,१४,४००।- |
| २ | | ऋणको साँवा ब्याज भूक्तानी | | | | |
| ३ | | लगानी (सेयर\ऋण) | | | | |